**बैंठक संख्या: ४ (चौथो)**

**मिति २०८३ भदौ ३१ गते बुधबार बसेको कार्यपालिकाको बैठक निर्णयहरु :**

**निर्णय नं.१ अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८३ साल भदौ ३ गतेको कार्यपालिकाको वैठक निर्णयहरु कार्यान्वयनको अवस्था वारेमा समिक्षा गरियो।

**निर्णय नं.२ ठेक्का व्यवस्थापन सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा आ.व २०८३/०८४ का लागि यस सन्दकपुर गाउँपालिकाका निम्नानुसारका आयोजनाहरुको कार्यान्वयन खुला शिलबन्दी बोलपत्र/दरभाउ (हार्डकपी) मार्फत गर्ने निर्णय गरियो।
**निम्नः**

१. कृष्णभिर जमुना जौबारी सडक
२. देउराली माईपताल जितपाले सडक
३. चापँगैरी छाँगे आलुबारी अधिकारीबास विखेभन्ज्याङ्ग सडक

**निर्णय नं.३ कर्मचारी व्यवस्थापन सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिका अन्तर्गत कृषि तथा पशु विकास शाखामा कार्यरत कर्मचारीहरुको निम्नानुसारको कार्यक्षेत्र तोक्ने निर्णय गरियो।
**निम्नः**

| सि.नं. | नामथर | पद | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १. | सविन भट्टराई | सहायक पशु स्वास्थ्य अधिकृत | पशु सेवा शाखा | शाखा प्रमुख |
| २. | स्यानु कुमारी सार्की | नायब पशु सेवा प्राविधिक | पशु सेवा शाखा | डिस्पेन्सरी |
| ३. | दिवश राई | नायब पशु स्वास्थ्य प्राविधिक | वडा नं. १ | |
| ४. | याकुप दियाली | पशु सेवा स्वयंसेवक | वडा नं. २ | |
| ५. | वेदनिधि दुलाल | नायब पशु सेवा प्राविधिक | सहकारी शाखा/ वडा नं. ३ | सहकारी शाखा प्रमुख |
| ६. | खगेन्द्र निरौला | नायब पशु स्वास्थ्य प्राविधिक | वडा नं. ४ | |
| ७. | अशोक कुमार खतिवडा | पशु सेवा स्वयंसेवक | वडा नं. ५ | |
| ८. | प्रविन चौधरी | नायव प्राविधिक सहायक | वडा नं. २ | |

**निर्णय नं.४ सडक नाँपजाँच सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा सन्दकपुर गाउँपालिका वडा नं. ३ मा पर्ने आहाले भिर गाउँ र गजुरमान चौतारा सडक खण्ड अविरल वर्षाका कारणले गर्दा क्षति भई आवतजावत गर्न समस्या भएको भनि व्यापक जनगुनासो प्राप्त भएको हुदाँ उक्त सडक मर्मतका लागि प्राविधिक लागत अनुमान गर्ने निर्णय गरियो।

**निर्णय नं.५ पदमार्ग निर्माण सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकामा निर्माणाधिन अवस्थामा रहेको फाल्गुनन्द पदमार्गको सन्दकपुर वडा नं. २ मा पर्ने खप्परे डाँडामा पहिरो गएको र वाल लगाएर पदमार्ग निर्माण गर्न नसकिने भएको हुदाँ उक्त स्थान २० मि. को ट्रस्ट पुल निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ ठेक्का सम्झौताको म्याद थप गर्ने सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकामा आ.व. २०८२/०८३ बाट कार्यान्वियन भएको देउराली बजार सौण्दर्यकरणको कार्य **(ठेक्का नं SRM/ILAM/NCB/WORKS/2082/83-08)** सम्बन्धि ठेक्काको म्याद समाप्त हुन लागेको र लागातार वर्षातको कारणबाट सडक अवरुद्द भई निर्माण सामाग्री ढुवानी गर्न समस्या भएको भनि निर्माण ब्यवसायिले मिति २०८३/०५/२४ गते दिएको निवेदन पेश गरेको सन्दर्भमा कारण मानसिव देखिएकोले उक्त निर्माण कार्यको मिति २०८३/१०/१५ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ लगानी तथा कार्यक्रम संचालन सम्वन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा **श्रम रोजगार प्रवर्द्धन कार्यक्रम (लागत साझेदारी)** सञ्चालन मार्गदर्शन २०८३/०८४ को दफा ६ बमोजिम स्वरोजगार प्रवर्द्धन तथा उद्यमशीलता विकासका तोकिएका कार्यहरु सञ्चालन तपशिल बमोजिम गर्ने गरि रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

**तपशिलः**

| **सि.नं.** | **मुख्य शीर्षकहरु** | **बजेट सिमा रु.** | **कैफियत** |
|---|---|---|---|
| १. | उद्यमशीलता र रोजगार प्रवर्द्धन | रु.५००,०००/- | |
| २. | सीप विकास तालिम तथा सीप प्रमाणिकरण | रु.९००,०००/- | |
| ३. | अनुदान सहयोग | रु.१५,००,०००/- | बीउ पूँजी |
| ४. | प्रविधि सहयोग | रु.१५,००,०००/- | |
| ५. | कार्यक्रम व्यवस्थापन | रु.२००,०००/- | |
| ६. | सचेतना कार्यक्रम | रु.२००,०००/- | |
| ७. | वित्तिय साक्षरता | रु.२००,०००/- | |
| | जम्मा | रु.५०,००,०००/- | |

**निर्णय नं.८ समिति गठन सम्वन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा **श्रम रोजगार प्रवर्द्धन कार्यक्रम (लागत साझेदारी)** सञ्चालन मार्गदर्शन २०८३/०८४ को दफा १० को १ बमोजिम स्थानीय तहमा रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी कार्यक्रमहरु कार्यान्वियन र समन्वय गर्नका लागि निम्नानुसारको स्थानिय कार्यक्रम कार्यान्वय समिति गठन गर्ने निर्णय गरियो ।

**निम्नः**

क. तुलाराम गुरुङ्ग - संयोजक
ख. हरि बहादुर लुङ्गेली - सदस्य
ग. दिल कुमार लिम्बु - सदस्य
घ. रहर कुमार राई - सदस्य
ङ. कमल प्रसाद ढकाल - सदस्य

च. नारायण खनाल - सदस्य

छ. रेखा देवि पौडेल - सदस्य

ज. प्रतिनिधि, प्रादेशिक प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् कार्यालयले तोकेको शिक्षालय प्रमुख - सदस्य (सम्बन्धि निकायमा माग गर्ने)

झ. सन्तोष भट्टराई - सदस्य-सचिव

**निर्णय नं. ९ आर्थिक सहायता सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा मिति २०८३ भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको भिषण बाढीमा परि सन्दकपुर गाउँपालिका वडा नं. ३ निवासी दिवानन्द सुवेदीको मृत्यु भएको हुदाँ पिडित परिवारलाई राहत स्वरुप रु. १ लाख रुपैया उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १० कानुन निर्माण सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकालाई आवश्यक पर्ने निर्माण सार्वजनिक निजि साझेदारी सम्बन्धि कार्यविधि निर्माण गर्ने विधेयक समितिलाई निर्देशन दिने निर्णय गरियो।